# अब आर्थिक विकासमा लाग्नुपर्छ : क्षेत्री

*लेखनाथ समाचारदाता*

लेखनाथ (कास्की), मङ्सिर १६ गते। राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. दीपेन्द्रबहादुर क्षेत्रीले मुलुकलाई अब आर्थिक विकासतर्फ लै जानुपर्ने बताउनुभएको छ। नेपालमा राजनीतिक बहस र छलफल बढी नै हुने गरेकाले अब त्यसलाई आर्थिक विकासतर्फ उन्मुख गराउनुपर्ने उहाँको भनाइ थियो। सधैं राजनीतिक एजेण्डालाई मात्र प्रमुखतामा राखेर देशको आर्थिक विकास सम्भव नभएको बताउँदै उहाँले अब आर्थिक मुद्दालाई प्राथमिकता दिनुपर्ने बताउनुभयो।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र जिआइजेड्को संयुक्त आयोजनामा शुक्रबारदेखि पोखरामा सुरु 'विश्व व्यापार सङ्गठनमा नेपालको प्रतिबद्धता र सरोकार वालाको भूमिका' विषयक दुईदिने गोष्ठीको उद्घाटन गर्दै डा. क्षेत्रीले नेपाल विश्व व्यापार सङ्गठनमा प्रवेश गरे पनि त्यसबाट फाइदा लिन नसकेको बताउनुभयो।

उहाँले विश्व व्यापार सङ्गठनको सदस्य भएपछि नेपालजस्ता अल्पविकसित मुलुकहरूले पाउनुपर्ने सुविधालाई सम्बन्धित व्यापार प्रवर्द्धनभन्दा पनि अन्य क्षेत्रमा लगानी गर्दा समस्या आएको उहाँको धारणा थियो। उहाँले भन्नुभयो, 'नेपालजस्ता राष्ट्रले व्यापार प्रवर्द्धन गर्न विश्व व्यापार सङ्गठनबाट केही सहुलियत पाउँछन् तर हामीले त्यसलाई अन्य विकास निर्माणमा खर्च गर्‍यौँ र त्यो पनि पूर्वाधार निर्माणतर्फ गर्‍यौँ, त्यो त्यति सान्दर्भिक तर्क होइन।'

अर्को एक प्रसङ्गमा उहाँले नेपाली निजी क्षेत्र बढी नाफामुखी भएको र सबै कुरा राज्यले गरिदिनुपर्ने मान्यता राख्ने खालको भएको धारणा राख्नुभयो। 'निजी क्षेत्र नाफा जति आफूले लिनुपर्ने मान्यता राख्छ र सबै सेवा सुविधा सरकारले उपलब्ध गराओस् भन्ने चाहन्छ' उहाँले भन्नुभयो, 'त्यो मान्यताबाट माथि उठ्नैपर्छ।'

कार्यक्रममा बोल्दै वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा. पुरुषोत्तम ओझाले पोखरामा सुरु भएको दुईदिने गोष्ठीले उद्योग तथा व्यापारका सन्दर्भमा नेपालले अवलम्बन गर्नुपर्ने थप कुरा आफूहरूले पाउने आशा व्यक्त गरे। उहाँले विश्व व्यापार सङ्गठनमा नेपाल प्रवेश भए पनि त्यस अनुरूप प्रतिस्पर्धात्मक ढङ्गले बस्तुहरूको उत्पादन तथा सेवा दिन नसक्दा फाइदा लिन नसकिएको बताउनुभयो। कार्यक्रममा कास्कीका निमित्त प्रमुख जिल्ला अधिकारी ईश्वरराज रेग्मी, पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्णमोहन श्रेष्ठलगायतले बोल्नुभएको थियो।